# बर्दघाट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
नवलपरासी (बसुप)
लुम्बिनी प्रदेश, नेपाल


पत्र संख्याः-२०८२/०८३
च.नं.

### दरभाउपत्र आव्हान सम्बन्धी सूचना
### चौथो पटक प्रकाशित मिति २०८३/०२/२६

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५९ तथा बर्दघाट नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७९ बमोजिम देहायका सार्बजनिक पोखरीहरुको ०८३ आषाढ गतेदेखि ०८५ जेष्ठ मसान्त सम्म २ वर्षको लागि ठेक्का बन्दोवस्त गर्न ०८२/०९/२३ को नगरकार्यपालिका वैठकको निर्णय अनुसारको स्वीकृत दररेट बमोजिम तपसिल अनुसारको आय ठेक्काको राजश्व उठाउने सम्बन्धमा इच्छुक संस्थाको हकमा संस्था दर्ता/नविकरणको प्रमाणपत्रको प्रतिलिपी, आय कर दर्ता प्रमाणपत्र र आ.व.०८१/०८२ को आय कर चुक्ताको प्रमाण वा म्याद थप प्रमाणपत्र संलग्न राखी तथा कम्पनी वा फर्मको हकमा नविकरण भएको फर्म दर्ता प्रमाणपत्र वा इजाजत पत्र, आय कर दर्ता प्रमाणपत्र/ मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, आ.व.०८१/०८२ आय कर चुक्ताको प्रमाण पत्र वा म्याद थप प्रमाणपत्रको प्रतिलिपी संलग्न राखी कार्यालयले तयार गरेको फाराममा दरभाउपत्र भरी पेश गर्नु हुन सम्बन्धित सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ ।

| आय ठेक्का नं | विवरण | ठेगाना | न्युनतम कवोल अंक भ्याट समेत | कैफियत |
|---|---|---|---|---|
| ३/०८२/०८३ | भग्जोगनी पोखरी (पुरानो गाँउ) | बर्दघाट- ११ भग्जोगनी | १०००००.० | भ्याट सहित |
| ५/०८२/०८३ | जहदा डोमहिया पोखरी | बर्दघाट-१२ | ८००००.० | भ्याट सहित |
| ६/०८२/०८३ | जहदा पुर्वको पोखरी | बर्दघाट- १२ | ४००००.० | भ्याट सहित |
| ७/०८२/०८३ | पनई पोखरी | बर्दघाट- १३ | १०००००.० | भ्याट सहित |
| ८/०८२/०८३ | मझौनी गाँउ (पश्चिम पोखरी) | बर्दघाट- १३ | ८००००.० | भ्याट सहित |
| ९/०८२/०८३ | नाग पोखरी | बर्दघाट- १४ | ८००००.० | भ्याट सहित |

**ठेक्काका अन्य शर्तहरु:**

१. कार्यालयबाट प्रमाणित भएको वोलपत्र फाराम रु १००० राजश्व तिरी खरिद गर्ने तथा तोकिएको दस्तुर रु १००० रकम एन.आई.सी एसिया बर्दघाट शाखामा रहेको राजश्व खाता ०८३२०५००२८२११००२ खातामा जम्मा गरेको भौचर बोलपत्र साथ पेश गर्नु पर्नेछ । खरीद भएका बोलपत्रको पानामा सही छाप, व्यक्ति, संस्था तथा फर्मको नाम, ठेगाना र ठेक्काको नाम, कवोल अँक इत्यादी विवरण भरी मिति ०८३/०२/२९ गते दिनको १२:०० बजे सम्म पेश गर्न सकिने छ ।

२. पेश भएका टेण्डरहरु मिति ०८३/०२/२९ गते दिनको १:०० वजे ठेकेदार आफै वा ठेकेदारको प्रतिनिधीको रोहवरमा खोलीनेछ । सो सयमा ठेकेदार आफै वा ठेकेदारको प्रतिनिधिको उपस्थिति नभए पनि कार्यालयका प्रतिनिधीहरुको रोहवरमा टेण्डर खोल्न वाधा पर्नेछैन ।

३. टेण्डर फारम पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमशः सो को भोली पल्ट कार्यालय खुलेको दिन मान्य हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

४. बोलपत्रमा कबुल रकम अंक र अक्षरमा स्पष्टसंग लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।

५. धरौटी वापत न्युनतम कवोल अंकको (vat समेतको) ५% ले हुने तोकिएबमोजिमको रकम एन.आई.सी एसिया बर्दघाट शाखामा रहेको .हि.नं. ८३४१४९८४८२५२४००४ खातामा जम्मा गरेको भौचर समेत वोलपत्रदाताको सहि छाप भएको वोलपत्र फाराम साथ पेश गर्नु पर्नेछ । कार्यालयको छाप नभएको र कार्यालयबाट प्रमाणित नभएको वोलपत्र फारामलाई मान्यता दिइने छैन ।

६. ठेक्का लिए वापत ठेकेदारले नेपाल सरकार र अन्य निकायलाई बुझाउनु पर्ने सम्पूर्ण कर आफैले बुझाउनु पर्नेछ । उक्त करहरु किस्ता संगै अग्रिम बुझाउनु पर्नेछ ठेक्का रकम बाट घटाउन पाइनेछैन ।

७. टेण्डर स्वीकृत भएको सूचना पाएको मितिले सात दिन भित्र मूल्य अभिवृद्धि कर vat बापतको रकम वर्दघाट नगरपालिकाको नामबाट सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाउनु पर्नेछ वा सो वापतको रकम नगरपालिकामा पेश गर्नुपर्नेछ । स्वीकृत ठेक्काको हकमा सम्झौता गर्दाको बखतमा ५०% रकम (नगदै) प्रथम किस्ता र बाँकी रकमको हकमा फर्मले मान्यता प्राप्त क वर्गको बाणीज्य बैंकको तोकिएको अवधि सम्मको वैंक ग्यारेण्टी पेश गर्नु पर्नेछ । संस्थाको हकमा ०८४ को जेष्ठ मसान्त सम्म सबै रकम भूक्तानी नगरेमा ठेक्का स्थगन र फर्मको हकमा वैंक जमानतबाट असुल उपर गरिनेछ

८. कुनै कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बर्दघाट नगरपालिकामा सुरक्षित रहने छ । साथै रीत नपुगी वा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

९. ठेक्कामा कुनै विवाद भएमा बर्दघाट नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

१०. यस सूचनामा नपरेका कुराहरु प्रचलित ऐन, नियम र कानून अनुसार हुनेछ ।

११. प्रचलित ऐन, नियम, कानून, सम्झौता र सूचनाको शर्तहरु विपरित कार्य गरेमा जुन सुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्ने छ र त्यसबाट कार्यालयलाई हुने हानी नोक्सानी ठेकेदारबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

१२. नगरपालिकालाई बुझाउनु पर्ने बाँकी बक्यौता भएका व्यक्ति तथा फर्महरुको बोलपत्र स्वीकृत हुनेछैन

१३. बोलपत्र सम्बन्धि विस्तृत विवरणको लागि कार्यालयको वेव साइट https://bardaghatmun.gov.np/मा तथा कार्यालय समय भित्र कार्यालयको फोन नं. ०७८—५८०४०७ मा सम्पर्क गर्न सकिने छ ।

बाबुराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

बर्दघाट नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बर्दघाट, नवलपरासी

| ठेक्का | | टेण्डर |
|---|---|---|

## बर्दघाट न.पा.को आय ठेक्काको दरभाउपत्र फाराम

चौथो पटक सूचना प्रकाशित मिति: २०८३।२।२६

| ठेक्का नं | आय ठेक्का विवरण | कबोल अंक (भ्याट समेत) | | | धरौटी | कै |
|---|---|---|---|---|---|---|
| | | न्यूनतमअंक रु. | अंकमा | अक्षरमा | | |
| ३/०८२/०८३ | भग्जोगनी पोखरी(पुरानो गाँउ) | १००००००.० | | | | |
| ५/०८२/०८३ | जहदा डोमहिया पोखरी | ८००००.० | | | | |
| ६/०८२/०८३ | जहदा पुर्वको पोखरी | ४००००.० | | | | |
| ७/०८२/०८३ | पनई पोखरी | १००००००.० | | | | |
| ८/०८२/०८३ | मझौनी गाँउ (पश्चिम पोखरी) | ८००००.० | | | | |
| ९/०८२/०८३ | नाग पोखरी | ८००००.० | | | | |

टेण्डर पेश गर्ने फर्मको :–

सहि/छाप :–नाम, थर :–

ठेगाना :–

सम्पर्क नम्वर :